# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, माघ २० गते, २०७० साल (संख्या ४१

## भाग ३

### नेपाल सरकार

### शिक्षा मन्त्रालयको सूचना

### प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (दोस्रो संशोधन) नियमावली,२०७०

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (दोस्रो संशोधन) नियमावली, २०७०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ मा नियम ३क. र ३ख.थप** : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ पछि देहायका नियम ३क. र ३ख. थपिएका छन् :-

"३क. **सिफारिस समिति सम्बन्धी व्यवस्था** : (१) परिषद्को उपाध्यक्ष मनोनयन गर्ने वा सदस्य-सचिव तोक्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्न देहायको एक सिफारिस समिति रहनेछ :-

(क) राष्ट्रिय योजना आयोगको सदस्य (शिक्षा हेर्ने) -अध्यक्ष

(ख) सचिव, शिक्षा मन्त्राल -सदस्य

(ग) नेपाल सरकारको विशिष्ट श्रेणीको पदबाट अवकाश पाएका व्यक्तिहरुमध्येबाट शिक्षा मन्त्रालयले तोकेको एकजना - सदस्य

(२) उपनियम (१) बमोजिमको समितिले नियम ३ख. बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट निजको शैक्षिक योग्यता, अनुभव समेतको मूल्याङ्कन गरी तीन जनाको नाम उपाध्यक्षको रुपमा मनोनयन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले परिषद्को अधिकृत प्रथम श्रेणीको पदमा कम्तीमा पाँच



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०३३

वर्ष काम गरेका कर्मचारीहरुमध्येबाट अनुसूचीमा उल्लिखित आधारमा छनौट गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जनाको नाम सदस्य-सचिवको रुपमा तोक्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३ख. <u>उपाध्यक्ष हुनको लागि चाहिने योग्यता</u> : (१) देहायको योग्यता र अनुभव भएको व्यक्ति परिषद्को उपाध्यक्ष हुन योग्य हुनेछ :-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको,

(ग) चालीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद्बाट सम्बन्धन प्राप्त संस्थाको सञ्चालक पदमा कार्यरत व्यक्ति उपाध्यक्षको पदमा मनोनयन हुन सक्ने छैन ।"

३. <u>मूल नियमाबलीको नियम ७ मा संशोधन</u> : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सदस्य-सचिवमा कार्यक्षमताको अभाव भएमा, निजले पदीय जिम्मेवारी पूरा नगरेमा वा निजले परिषद्को हित विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा परिषद्को सिफारिसमा नेपाल सरकारले निजलाई जुनसुकै बखत सदस्य-सचिवको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन।"

(२) उपनियम (३) पछि देहायका उपनियम (३क), (३ख) र (३ग) थपिएका छन् :-

"(३क) सदस्य-सचिवको पदमा तोकिएको कर्मचारी कुनै कारणले सदस्य-सचिव पदमा नरहेमा निजको परिषद्मा रहेको पदाधिकार स्वतः समाप्त हुनेछ।

(३ख) सदस्य-सचिव कुनै कारणले सो पदमा नरहेमा निजले प्रचलित कानून बमोजिम अन्यथा व्यवस्था भएकोमा बाहेक सो पद अनुसारको सुविधा पाउनेछ।

(३ग) ऐन वा यस नियमावली बमोजिम सदस्य-सचिव नतोकिए सम्म वा सदस्य-सचिवको अनुपस्थितिमा परिषद्को सबैभन्दा वरिष्ठ कर्मचारीले निमित्त सदस्य-सचिव भई कार्य गर्नेछ।"

४. <u>मूल नियमावलीको नियम २० मा संशोधन</u> : मूल नियमावलीको नियम २० को सट्टा देहायको नियम २० राखिएको छ :-

"२०. <u>धरौटी सम्बन्धी व्यवस्था</u> : (१) नियम १७ बमोजिम संस्था सञ्चालन गर्न स्वीकृति लिन चाहने व्यक्तिले देहाय बमोजिमको रकम परिषद् समक्ष धरौटी राख्नु पर्नेछ :-

(क) जुनियर टेक्निसियन वा पोलिटेक्निक सम्बन्धी तालीम सञ्चालन गर्नको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३३

लागि क्रमशः पाँच लाख र दश लाख रुपैयाँ,

(ख) खण्ड (क) मा लेखिए देखि बाहेक अन्य प्राविधिक तथा व्यावसायिक सम्बन्धी तालीम सञ्चालन गर्नको लागि पच्चीस हजार रुपैयाँ ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै संस्थाले एक भन्दा बढी तालीम सञ्चालन गर्न चाहेमा प्रति थप तालीम वापत सो खण्डमा उल्लिखित रकमको आधा रकम धरौटी राख्नु पर्नेछ ।

(३) यो नियम प्रारम्भ हुनु भन्दा अघि तालीम सञ्चालन गर्न स्वीकृति पाइसकेका संस्थाले यो नियम प्रारम्भ भएको मितिले एक वर्ष भित्र उपनियम (१) बमोजिम नपुग हुने धरौटी रकम परिषद्मा जम्मा गर्नु पर्नेछ ।"

५. <u>मूल नियमावलीको नियम २२ मा संशोधन</u> : मूल नियमावलीको नियम २२ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) नियम २० को उपनियम (३) बमोजिमको अवधि भित्र नपुग रकम धरौटी नराख्ने संस्थाको स्वीकृति परिषद्ले रद्द गर्नेछ ।"

(२) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) र (१क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (३) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) र (१क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

"अनुसूची

(नियम ३क.को उपनियम (३) सँग सम्बन्धित)

सदस्य-सचिव तोक्ने सम्बन्धमा सिफारिस गर्दा लिइने आधारहरु

१. शैक्षिक योग्यता र तालीम वापत २५ अङ्क

(क) शैक्षिक योग्यता वापत १९ अङ्क

| क्र.सं. | तह | श्रेणी | | |
|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय |
| १ | स्नातक | ८ | ७ | ६ |
| २ | स्नातकोत्तर | ६ | ५ | ४ |
| ३ | अतिरिक्त शैक्षिक योग्यता | पिएच.डी.-५ | | |

(ख) तालीम वापत ६ अङ्क

प्रथम श्रेणी : ६ अङ्क

द्वितीय श्रेणी : ५ अङ्क

तृतीय श्रेणी : ४ अङ्क

२. अनुभव वापत २० अङ्क

परिषद्को अधिकृत प्रथम श्रेणीको पदमा काम गरे वापत प्रत्येक वर्षको लागि २.५ अङ्कको दरले बढीमा २० अङ्क दिइनेछ ।

३. परिषद्को व्यावसायिक कार्ययोजना वापत २० अङ्क

| क्र. सं. | विषयवस्तु | अङ्कभार |
|---|---|---|
| १. | विद्यमान अवस्था | २ |
| २. | विद्यमान अवस्थामा रहनुको कारण र त्यसको विश्लेषण | २ |
| ३. | विद्यमान अवस्थामा देखिएका समस्या, कमी कमजोरी, अवसर र चुनौतीहरुको गहन विश्लेषण (SWOT Analysis) | ३ |
| ४. | रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान | ३ |
| ५. | सुधार कार्ययोजना | १० |
| | (क) गुणस्तरीय सेवा एवं सेवाको प्रभावकारिता | |
| | (ख) सम्पत्ति आर्जन एवं उपयोग | |
| | (ग) परिषद्को नियमन कार्य | |
| | (घ) आङ्गिक संस्थाहरुको सुदृढीकरण | |
| | (ङ) प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको विकास र विस्तार | |
| | (च) परिषद् तथा सम्बद्ध संस्थाहरुको पारदर्शिता एवं जवाफदेहिता | |
| | (छ) सुधारका अन्य विषयहरु | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्ता वापत ३५ अङ्क

| क.सं. | विषयवस्तु | अङ्कभार |
|---|---|---|
| १. | प्रस्तुति | ३ |
| २. | विषयवस्तुको ज्ञान (कार्ययोजना र प्रस्तुतिको सामन्जस्यता) | ६ |
| ३. | संस्थागत सुधारका कार्यहरुमा स्पष्टता र विश्लेषण क्षमता | १३ |
| ४. | प्रस्तुतिको शैली, भाषा, आत्मविश्वास र व्यक्तित्व | ७ |
| ५. | अभिव्यक्तिको स्तर, तार्किक क्षमता र वस्तुनिष्ठता | ६ |
| | जम्मा | ३५ |

**द्रष्टव्य :**

(१) परिषद्को सेवासँग सम्बन्धित विषयको शैक्षिक योग्यतालाई मात्र अङ्क दिइनेछ ।

(२) शैक्षिक योग्यताको श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

(३) अतिरिक्त शैक्षिक योग्यता वापत माथिल्लो कुनै एक शैक्षिक योग्यताको मात्र अङ्क दिइनेछ ।

(४) परिषद्को सेवासँग सम्बन्धित विषयमा लिएको कम्तीमा तीस कार्य दिनको तालीम वापत मात्र अङ्क दिइनेछ ।

(५) तालीमको श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क दिइनेछ ।"

**आज्ञाले,**
**नारायणगोपाल मलेगो**
**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| 2. | CHEMICAL COMPOSITION<br>2.1 Moisture per cent by weight, maximum<br>2.2 Water soluble Potash (as $K_2O$) per cent by weight, minimum<br>2.3 Sodium (as NaCl), per cent by weight, maximum<br>2.4 Magnesium (as $MgCl_2$) per cent by weight, maximum | <br>0.5<br>60.0<br>3.5<br>1.0 |
| 3. | Others | Certificate from an independent surveyor or a recognized Government laboratory showing there is no contamination with radio active material. |

**5. Urea (46-0-0)**

| S.No. | CHARACTERISTICS | REQUIREMENTS |
|---|---|---|
| 1. | PHYSICAL CONDITION<br>1.1 Description<br>1.2 Form<br>1.3 Particle size | <br>Free flowing, white granules<br>Prilled<br>90 per cent of the material shall pass through 2.8 mm sieve and not less than 80 per cent by weight shall be retained on 1 mm sieve. |
| 2. | CHEMICAL COMPOSITION<br>2.1 Moisture per cent by weight, maximum<br>2.2 Total Nitrogen, per cent by weight, minimum<br>2.3 Biuret per cent by weight, maximum | <br>1.0<br>46.0<br>1.5 |
| 3. | Others | Certificate from an independent surveyor or a recognized Government laboratory showing there is no contamination with radio active material. |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**5.1 Urea (Granular)**

| S.No. | CHARACTERISTICS | REQUIREMENTS |
|---|---|---|
| 1. | PHYSICAL CONDITION<br>1.1 Particle size | Not less than 90 per cent of the material shall pass through 4 mm sieve and be retained on 2 mm sieve. Not more than 5 per cent shall be below 2 mm sieve. |
| 2. | CHEMICAL COMPOSITION<br>2.1 Moisture per cent by weight, maximum<br>2.2 Total Nitrogen, per cent by weight (on dry basis), minimum<br>2.3 Biuret per cent by weight, maximum | <br>1.0<br>6.0<br>1.5 |
| 3. | Others | Certificate from an independent surveyor or a recognized Government laboratory showing there is no contamination with radio active material. |

**6.1 Ammonium Phosphate Sulphate (20-20-0)**

| S.No. | CHARACTERISTICS | REQUIREMENTS |
|---|---|---|
| 1. | PHYSICAL CONDITION<br>1.1 Particle size | Not less than 90 per cent of the material shall pass through 4 mm sieve and shall be retained on 1 mm Sieve. Not more than 5 per cent shall be below 1 mm sieve. |

| | | |
|---|---|---|
| 2. | CHEMICAL COMPOSITION<br>2.1 Moisture per cent by weight, maximum.<br>2.2 Total Nitrogen, per cent by weight, minimum<br>2.3 Ammoniacal nitrogen per cent by weight, minimum<br>2.4 Nitrogen in the form of Urea per cent by weight, maximum<br>2.5 Neutral ammonium citrate soluble phosphates (as $P_2O_5$) per cent by weight, minimum.<br>2.6 Water soluble phosphates (as $P_2O_5$) per cent by weight minimum<br>2.7 Sulfur (as S) per cent by weight, minimum | <br>1.0<br>20.0<br>18.0<br>2.0<br>20.0<br>17.0<br>13.0 |
| 3. | Others | Certificate from an independent surveyor or a recognized Government laboratory showing there is no contamination with radio active material. |

**9. Single Super Phosphate (S.S.P.) 16% $P_2O_5$ Powdered**

| S.No. | CHARACTERISTICS | REQUIREMENTS |
|---|---|---|
| 1. | PHYSICAL CONDITION<br>1.1 Description | The material should be free from excessive lumps and shall not form hard cake on storage. |
| 2. | CHEMICAL COMPOSITION<br>2.1 Moisture per cent by weight, maximum.<br>2.2 Free Phosphoric acid (as $P_2O_5$) per cent by weight, maximum<br>2.3 Water soluble phosphates (as $P_2O_5$) per cent by weight, minimum<br>2.4 Sulfur (as S) per cent by weight, minimum<br>2.5 Neutral ammonium citrate soluble phosphate (as $P_2O_5$) per cent by weight, minimum | <br>12.0<br>4.0<br>14.5<br>11.0<br>16.0 |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| 3. | Country of Origin | Specify the country |
| 4. | Packing | Polypropylene or polyethylene outer woven with 1-ply polyethylene inner bag of 50 kg net. Outer and inner bag should not be less than 200 gm and 200 gauge respectively.<br>Bag should be stitched with strong synthetic thread. |
| 5. | Marking on bag<br>5.1 Front side | Each bag shall bear legibly and indelibly the following information:<br>a. Name of the fertilizer.<br>b. Name of the manufacturer and his recognized trade mark if any, and country of origin.<br>c. Percentage of phosphorous.<br>d. Gross and net weight in kg.<br>e. Year of manufacture. |
| | 5.2 Back side | a. Name of the importer and his recognized trade mark if any.<br>b. Lot no.<br>c. Apart from those two information importer is free to add any other information in the bags, if any, for its internal use. |
| 6. | Others | Certificate from an independent surveyor or a recognized Government laboratory showing there is no contamination with radio active material. |

## 10. Single Super Phosphate (S.S.P.) 16% $P_2O_5$ Granulated

| S.No. | CHARACTERISTICS | REQUIREMENTS |
|---|---|---|
| 1. | PHYSICAL CONDITION<br>1.1 Description | The material should be free from excessive lumps and shall not form hard cake on storage. |
| | 1.2 Particle size | Not less than 90 per cent of the material shall pass through 4 mm sieve and shall be retained on 1 mm sieve. Not more than 5 per cent shall pass through 1 mm sieve. |
| 2. | CHEMICAL COMPOSITION | |
| | 2.1 Moisture per cent by weight, maximum. | 5.0 |
| | 2.2 Free Phosphoric acid (as $P_2O_5$) per cent by weight, maximum | 4.0 |
| | 2.3 Water soluble phosphates (as $P_2O_5$) per cent by weight, minimum | 14.5 |
| | 2.4 Sulfur (as S) per cent by weight, minimum | 11.0 |
| | 2.5 Neutral ammonium citrate soluble phosphate (as $P_2O_5$) per cent by weight, minimum | 16.0 |
| 3. | Country of Origin | Specify the country |
| 4. | Packing | Polypropylene or polyethylene outer woven with 1-ply polyethylene inner bag of 50 kg net. Outer and inner bag should not be less than 200 gm and 200 gauge respectively.<br>Bag should be stitched with strong synthetic thread. |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| 5. | Marking on bag<br>5.1 Front side<br><br><br><br><br><br><br><br><br>5.2 Back side | Each bag shall bear legibly and indelibly the following information:<br>a. Name of the fertilizer.<br>b. Name of the manufacturer and his recognized trade mark if any, and country of origin.<br>c. Percentage of phosphorous.<br>d. Gross and net weight in kg.<br>e. Year of manufacture.<br>a. Name of the importer and his recognized trade mark if any.<br>b. Lot no.<br>c. Apart from those two information importer is free to add any other information in the bags, if any, for its internal use. |
| 6. | Others | Certificate from an independent surveyor or a recognized Government laboratory showing there is no contamination with radio active material. |

**आज्ञाले,**

**जय मुकुन्द खनाल**

**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. १०
गो.द.द.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।